सङ्केताङ्क नं. (Symbol No.): मिति: २०७८-०१-०६ ७:३०बजे **PC1**

# प्याब्सन

## एस.ई.ई. प्रि-बोर्ड परीक्षा-२०७७

विषय: अनिवार्य नेपाली

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : ७५

*(सफा, स्पष्ट, मौलिक र सिर्जनात्मक उत्तरलाई अङ्क दिँदा बढी प्राथमिकता दिइने छ ।)*

**सबै प्रश्न अनिवार्य छन् ।**

१.तल समूह 'क' मा दिएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| स्केच | आलो |
| ताजा | शत्रुता |
| पेस्की | चित्रको प्रारम्भिक रूपरेखा |
| विद्वेष | विदेश |
| | वैना |
| | तारेको |

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :** २

क) 'सुधा' को पर्यायवाची शब्द ........... होइन । (पीयूष,अमृत,असुविधा)

ख) 'सरल' को विपरीतार्थक शब्द ............ हो । (जटिल,सजिलो,सहज)

ग) शव–सव ........... शब्द हुन् । (अनेकार्थी,पर्यायवाची,श्रुतिसमभिन्नार्थी)

घ) .............. अनेकार्थी शब्द हो । (टाल,खाल,फाल)

**३. अर्थ स्पष्ट हुने गरी वाक्य प्रयोग गर्नुहोस् :** २

हंसले ठाउँ छोड्नु , मताधिकार

**४. (क) तलका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् :** १

अ) निष्प्रभावी निश्प्रभावी निष्प्रभाबी निस्प्रभावी

आ) शंका शङ्का शन्का शङका

**(ख) तलको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

लक्ष्मणले विभिषणलाई भने "जे नहुनूपर्थ्यो भयो । अब पिर के गर्नु ?अब लङ्काको राज्य तपाईंलेनै सम्हाल्नुपर्छ ।"

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ३

<u>बिचरा</u> ! <u>त्यो</u> <u>केटो</u> त <u>हिजो</u> दुर्घटनामा <u>पो</u> <u>परेछ</u> ।

https://www.nebstudy.com

मिति: २०७८-०१-०६ ७:३०बजे

६. (क) तलका अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका दुई/दुई ओटा शब्द पहिचान गरी लेख्नुहोस् : २

सूर्यमुखी फूलले पूर्वतिर फर्किएर सूर्यलाई स्वागत अभिवादन गऱ्यो । सौन्दर्यले भरिएका झरनाले सङ्गीतको धुन निकाले । हामी लेकाली दृश्य हेर्दै रमायौं ।

(ख) समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् : १

सप्तर्षि , सगर छुने माथ छ जसको

७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पूरा गर्नुहोस् : २

क) तिमी र म सगैं बजार ...................... । (जा : पूर्ण भविष्यत्)

ख) सलिना परीक्षामा प्रथम .............. । (हु : अज्ञात भूत)

ग) तपाईं समाजसेवा ...................... । (गर् : इच्छार्थक)

घ) तिमीहरू चाडै फर्केर ..................... । (आउ : आज्ञार्थक)

८. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् : ४

क) तपाईं घर जानुहोस् । (निम्न आदरार्थी)

ख) गरेका काममा धेरै सफलता पाइयो । (कर्तृवाच्य)

ग) तिमीलाई मनपर्ने किताब किन । (मिश्रवाक्य)

घ) विद्यार्थीहरू गीत गाउँथे । (प्रेरणार्थक)

९. अपूर्ण वर्तमान कालका फरक फरक तीन ओटा कियापद प्रयोग गरी तीन वाक्यमा आफ्नो पढाइको बारेमा वर्णन गर्नुहोस् ।

३

१०. दिइएको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : ५

कुनै पनि कुरालाई सानो क्षेत्र वा खण्डमा सीमित गर्नु स्थानीयकरण हो । स्थानीयकरणले मानिसलाई सानो घेरामा कैद गर्छ, सङ्कुचित बनाउँछ । स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ । त्यस्तोमा नातावाद, कृपावाद, कोसेलीपात जस्ता प्रवृत्तिले प्रश्रय पाउने गर्छन् । स्थानीयकरणले मानिसलाई जाति, धर्म, परम्परा क्षेत्र आदिका आधारमा विभाजन गर्छ । यसले मानिस मानिसविचमा विभेद र वैमनस्य सिर्जना हुन्छ, द्वन्द्व निम्तिन्छ । विश्वव्यापीकरणले मानिसलाई यस्ता सीमाहरूबाट बाहिर निकाल्छ र खुला संसार प्रदान गर्छ । खुला संसार, खुला परिवेशमा नै मानिसको प्रतिभा, क्षमता र मेहनतले फक्रने, फुल्ने र फैलिने मौका पाउँछ । मानिसमा अथाह क्षमता हुन्छ, त्यस्तो क्षमताको विकासका लागि फराकिलो धरातल चाहिन्छ । विश्वव्यापीकरण त्यही फराकिलो धरातल हो ।यसैले स्थानीयकरणभन्दा विश्वव्यापीकरण नै बेस हुन्छ ।

https://www.nebstudy.com

प्रश्नहरू :

(क) माथि उल्लिखित 'सीमाहरूबाट' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस्।

(ख) रेखाङ्कित वाक्यहरूलाई वाक्य संश्लेषण गर्नुहोस्।

(ग) अनुच्छेदबाट 'मनमुटाव' शब्दको पर्यायवाची शब्द लेखी वाक्यमा प्रयोग गर्नुहोस्।

(घ) स्थानीयकरण भनेको के हो ?

(ङ) स्थानीयकरणले मानिसलाई केका आधारमा विभाजन गर्छ ?

११. तलको अनुच्छेद राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्: ५

नेपालको संविधानले महिलालाई समानताको हक प्रदान गरे पनि व्यवहारमा त्यो रूपान्तरित हुन सकेको छैन। महिला समस्याका प्रसङ्गमा चेलीबेटी बेचबिखन जस्ता अमानवीय सामाजिक अपराधजन्य कार्यहरू नियन्त्रण हुन सकेका छैनन्। यस समस्यालाई निराकरण गर्ने उद्देश्यले बेलाबखत देशमा सञ्चालन गरिने चेलीबेटी बेचबिखन विरुद्धको जागरण अभियान निकै महत्त्वपूर्ण मानिन्छ। चेलीबेटी बेचबिखन विरुद्धको सन्देश ग्रामीण क्षेत्रमा पुऱ्याउन नसकिएसम्म अपेक्षित उपलब्धि हासिल नहुने हुँदा यसतर्फ गम्भीर चिन्तन गरिनु वर्तमानको आवश्यकता भएको छ। यस्तो चेतना अभियान सहरमा मात्र सीमित नराखी ग्रामीण समाजमा व्यापक पार्नेतर्फ सम्बद्ध निकायको चिन्तन आवश्यक पर्छ। यस्तै समस्याको दिगो समाधानका लागि ग्रामीण इलाकामा रोजगार बढाउने, शिक्षाको अवसर दिने र घरेलु हिंसा विरुद्ध कानुनी कारबाहीको प्रावधान अपनाएर निरुत्साहित तुल्याउन सकिएमा चेलीबेटी बेचबिखनको समस्या धेरै हदसम्म समाधानतर्फ उन्मुख हुने छ। ग्रामीण क्षेत्रका सोझासाझा महिलालाई आर्थिक प्रलोभन देखाई सुखी जीवन जिउने आशा बाँडेर हिँड्नेहरू यो समस्या सिर्जना गर्ने अपराधी हुन्। यसै परिप्रेक्ष्यमा चेलीबेटी बेचबिखन विरुद्ध राष्ट्रिय जागरण कार्यक्रम अन्तर्गत विद्यालय र शैक्षिक केन्द्रहरूमा राष्ट्रिय जागरण सञ्चालन गर्ने गतिविधि सराहनीय मानिन्छन्।

प्रश्नहरू :

क) के कुरा व्यवहारमा रूपान्तरित हुन सकेको छैन?

ख) वर्तमानको आवश्यकता के हो ?

ग) समस्या सिर्जना गर्ने अपराधी को हुन् ?

घ) कस्ता गतिविधि सराहनीय मानिन्छन् ?

ङ) समस्याको दिगो समाधानका लागि के गर्नुपर्छ ?

१२. तलको अनुच्छेद राम्ररी पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् : ५

कपडा, जनावरको छाला, कमेरो, पानी, रङ, सुन आदि थोरै कच्चा पदार्थबाट थाङ्का निर्माण हुन्छ। यसका लागि चाहिने कपडा सजिलै उपलब्ध हुन्छ। जनावरको छाला, कमेरो, पानी, ढुङ्गा जस्ता स्वदेशी कच्चा पदार्थ सजिलै र सस्तोमा उपलब्ध हुन्छन्। थाङ्काका लागि चाहिने अलिक महँगो वस्तु भनेको सुन हो, त्यो पनि अप्राप्य छैन। थाङ्का बनाउने विज्ञ र कामदारहरू स्वदेशमै उपलब्ध छन्। यसको निर्माणमा वातावरणीय क्षति हुँदैन, पेट्रोलियम पदार्थको आवश्यकता पर्दैन। पातलो र नरम

मिति: २०७८-०१-०६ ७:३०बजे

कपडामा बनाइने चित्र भएकाले यो हलुका हुन्छ । यसलाई पट्याएर, दोबारेर पनि सजिलै ओसार पसार गर्न सकिन्छ र ढुवानी खर्च धेरै लाग्दैन । एउटा सानो कोठामा पनि उत्पादन गर्न सकिन्छ । यसैले यसको उत्पादन लागत सस्तो पर्छ । उत्पादन लागतका तुलनामा यसको मूल्य भने धेरै छ । यो कलाकृतिका साथै आस्थाको प्रतीक पनि भएकाले राम्रो मूल्यमा यसको बिक्री हुन्छ । एउटा थाङ्का पाँच सात सयदेखि लाखौं मूल्यमा पनि बिक्री हुन्छ । त्यसैले थाङ्का उत्पादक र व्यापारीलाई राम्रै फाइदा हुन्छ । थाङ्का बनाउने विज्ञ र कामदारहरूले राम्रो पारिश्रमिक त पाउँछन् नै साथसाथै कला सिर्जनाबाट प्राप्त हुने सन्तुष्टि पनि पाउँछन् ।

**१३. तलका कुनै 'एक' प्रश्नको उत्तर दिनुहोस्:** ४

**क) तलका बुँदाहरूका आधारमा एउटा जीवनी लेखी शीर्षक पनि दिनुहोस् :**

| | |
|---|---|
| नाम | : भैरव अर्याल |
| जन्ममिति | : वि.स. १९९३ साल असोज ५ गते |
| जन्मस्थान | : कुपण्डोल, ललितपुर |
| शिक्षा | : एम.ए. सम्मको औपचारिक शिक्षा हासिल |
| पहिलो हास्यव्यङ्ग्य रचना | : खोलापारिको पुरेत बाजे |
| प्रकाशित कृतिहरू | : काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री र दस औतार |
| प्रवृत्ति र विशेषतारू | : – नेपाली साहित्यका कथा, कविता, समालोचना, हास्यव्यङ्ग्य निवन्ध आदि विधामा सक्रिय रूपमा कलम चलाएका, – हास्य र व्यङ्ग्यको मिश्रण गरी उत्कृष्ट निबन्ध सिर्जना गर्ने, – देशभक्ति, समाज सुधार र मानवतावादी चिन्तनलाई निवन्धमा व्यक्त गर्ने, – मानिसका खराब आचरण र दुर्व्यवहारप्रति तिखो व्यङ्ग्य प्रहार गर्ने, – समय सापेक्ष रूपमा सटिक र मार्मिक निबन्ध लेख्न, |
| मृत्यु | : वि.स.२०३३ असोज १९ गते गोकर्ण, काठमाडौं । |

**ख) विद्यालयले आयोजना गरेको खेलकुद प्रतियोगितामा पुरस्कृत हुँदाको अनुभूति समेटेर एउटा मनोवाद लेख्नुहोस् ।**

४

**१४. कुनै 'एक' उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

क) पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन
उपकार सदा पूजा फल हो दुःख मोचन ।

ख) अन्धविश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति हुन् ।

https://www.nebstudy.com

१५. तलका कुनै 'दुई'प्रश्नको उत्तर दिनुहोस् : २×४=८

क) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

भोलि भयो । जुवा फुक्यो । चारैतिर ताजगी थियो, रमाइलो थियो । बजारमा ठेलमठेल मान्छेहरू थिए । पसलेलाई बेच्न फुर्सद थिएन । हिँड्ने मान्छेहरू खालि कहाँ थिए र ! कसैको हातमा खानेकुराको पोको, कसैको हातमा फलफूल, कसैको हातमा रुपियाँ पैसाको लक्क, कोही मोलतोल गर्नमा असीम आनन्द लिइरहेका थिए ।लाल विहानदेखि नै बजार घुमिरहेको थियो । कहिले जुवा हेर्दथ्यो, जितौरी पाउने आशा थियो । अहो, कति कति रूपियाँ! अहो, हलवाई पसल पनि कति ! फेरि कति मिठाईको थुप्रो, कति किसिमको ! लालले विचार गऱ्यो, कसले खाने होला ! यति जम्मै सिद्धिएला ?

प्रश्नहरू :

(अ) किन मानिसहरू असीम आनन्द लिइरहेका थिए ?

(आ) यहाँ बाल मनोविज्ञानको चित्रण कसरी गरिएको छ ?

ख) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पृथ्वी फल्लिन् सलिल–कलिली धानले छापिएर
गाई रोप्लान् चपलवयसी, दृक्–विजुली लिएर ।
बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कवूली
पारावार प्रभु–हृदयको फुट्छ सङ्गीत केली ॥

प्रश्नहरू :

अ) वर्षाको आगमन पश्चात् पृथ्वीमा के कस्ता परिवर्तनहरू देखा पर्दछन् ?

आ) प्रस्तुत कवितांशको भाव के हो ?

ग) तलको जीवनीको अंश पढेर अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

रुइत बहुजातीय मुलुक नेपालको समुन्नतिका लागि सर्वप्रथम जातीय सङ्कीर्णताभन्दा माथि उठेर राष्ट्रिय पहिचानलाई सर्वोपरि ठान्नुपर्छ भन्ने विचार गर्छन् । प्रत्येक जातिको आफ्नो जातीय,भाषिक र धार्मिक पहिचान हुन्छ । यसले राष्ट्रिय एकतालाई कमजोर पार्न हुन्न भन्ने उनको स्पष्ट विचार छ । यही आदर्श विचार लिएका रुइतले वि.स. २०४३ मा नन्दा श्रेष्ठसँग अन्तर्जातीय विवाह गरे । उनका एक छोरा र दुई छोरी गरी तीन सन्तान छन् । वैवाहिक जीवनपछि उनले गाउँगाउँमा डुलेर आखाँको उपचारलाई तीव्रता दिए ।

प्रश्नहरू :

अ) सन्दुक रुइतले जातीय सङ्कीर्णताभन्दा माथि उठेर राष्ट्रिय पहिचानलाई सर्वोपरि ठान्नुको कारण के हो ?

आ) उक्त गद्यांशको मुख्य आशय के हो ?

१६. यदि तपाईं माउजङ बाबुसाहेबकी पत्नी रानीसाहेब हुनुभएको भए आफ्ना पतिलाई कसरी सम्झाउनु हुन्थ्यो ? तार्किक उत्तर दिनुहोस् । ४

https://www.nebstudy.com

१७) कुनै 'एक' प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : ८

क) प्रत्यागमन कथाको तलको अंश पढी सोधिएको प्रश्नको जवाफ दिनुहोस् :

अब शोभाले रामुको शुश्रूषा आफ्ना हातमा लिइन् । बाकसबाट धोएका लुगाहरू झिकेर रामुका लुगा फेरिदिइन् । ओछ्यानमा पनि धोएका तन्ना, खोलहरू हालिदिइन् । धोबी बोलाएर मैला लुगाहरू धुन दिइन् । कोठामा दिनको दुई पटक बढारकुँढार हुन लाग्यो । कोपरा फिक्दानीहरू रौजै माझिन लागे । कोठामा बिहान बेलुका दुई टाइम धूप सल्काइदिन्थिन् । औषधी र पथ्य टाइममा पर्न थाले । दिनरात रामुका सिरानीनेर बसेर रुमालले हम्किरहन्थिन् । आफ्नो दैनिक जीवनमा यति ठुलो परिवर्तन भएको देखेर रामु अपार आनन्दमा निमग्न भैराखेका थिए ।

प्रश्न:

अ) "प्रत्यागमन कथामा धन सम्पत्तिभन्दा पारिवारिक मेलमिलाप नै ठुलो हो" भन्ने कुरालाई कसरी पुष्टि गरिएको छ ?माथिको कथांशका आधारमा स्पष्ट पानुहोस् ।

ख) 'म सडक बोल्दैं छु' कविताको तलको अंश पढी सोधिएंका प्रश्नको उत्तर दिनुहोस् :

मलाई झुर सडक
खत्तम र रद्दी सडक भन्नेहरू
आफूलाई कुखुराको गुलाफी फुल सम्झेर
सुरक्षित घुमफिर गर्नेहरू
जसलाई सोध्नुपर्ने हो उहीसँग सोध
सडक किन यस्तो भयो ?
मलाई मात्र सरापेर भएन
म लाञ्छित, थकित र शव्दहीन सडक बोल्दै छु

प्रश्न:

अ) 'म सडक बोल्दै छु' कवितामा के कस्ता विकृति र विसङ्गतिहरूको चित्रण गरिएको छ ? माथिको कविताशका आधारमा स्पष्ट पार्नुहोस् ।

१८. तलका कुनै 'एक' शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८

क) सादा जीवन : उच्च विचार

ख) मानव सभ्यताको संरक्षण

ग) कोभिड १९ को प्रभाव

https://www.nebstudy.com
Whatsapp @ +91-9300930012
Send your old paper & get 10/-
अपने पुराने पेपर्स भेजे और 10 रुपये पायें,
Paytm or Google Pay से